दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २५७ | बुटवल | २०८३ असोज १६ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday October 02, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

# प्रधानमन्त्री मातहतको सफ्टवेयर विकास केन्द्रको 'ईडी' नियुक्तिमा नीतिगत भ्रष्टाचार र सेटिङको आरोप

राप्रपा प्रमुख सचेतक खुश्बु ओलीले सरकारको सुशासन र पारदर्शितामाथि प्रश्न उठाउँदै संसदीय छानबिन समितिको माग गरेकी छन् ।



**लुम्बिनी संवाददाता**
*बुटवल*

प्रतिपक्ष दल राष्ट्रिय प्रजातन्त्र पार्टीकी प्रमुख सचेतक खुश्बु ओलीले सरकारको सुशासन र पारदर्शितामाथि प्रश्न उठाएकी छिन् ।

बिहीबारको प्रतिनिधिसभा बैठकमा उनले प्रधानमन्त्री कार्यालय मातहतको 'सफ्टवेयर विकास तथा सञ्चालन केन्द्र' को कार्यकारी निर्देशक (एक्जुकेटिभ डाइरेक्टर - ईडी) नियुक्तिमा नीतिगत भ्रष्टाचार र नियोजित सेटिङ भएको भन्दै संसदीय छानबिन समितिको माग गरेकी हुन् । सांसद ओलीले संसद्मा प्रशुत गरेको टाइमलाइन अनुसार, जेठ १२ गते कार्यविधि बनाउन गठन गरिएको कार्यदलका संयोजक किरण तिम्सिनाले नै पछि आफू नियुक्त हुनेगरी नियम र मापदण्ड तयार पारेको आरोप लगाइन् ।

प्रमाणका रूपमा तिम्सिनाले लिंकडइनमा राखेको 'ओ ब्वाइ दिस वाज् टफ' भन्ने पोस्ट र त्यसपछि प्रधानमन्त्री कार्यालयका कर्मचारीसँगै केक काटेर उत्सव मनाएको तस्वीर उनले सार्वजनिक गरिन् । सांसद ओलीले असोज १ गते हतारहतार सर्टलिस्ट गरी २ गते अन्तर्वार्ता लिने काम भएको र सोही दिन मन्त्रिपरिषद्ले निर्णय गरे पनि ५ दिनसम्म सूचना लुकाइएको समेत बताइन् । 'आफैं प्रश्नपत्र बनाउने, आफैं सहभागी हुने र विज्ञापन खुल्नुअघि नै उत्सव मनाउने यो कस्तो सुशासन हो ? १८२ जना सांसद भएको सरकारलाई विधेयक ल्याउन कसले रोक्यो? एनआरएनको भोट र नोट चल्ने तर अधिकार नचल्ने ?,' उनले भनिन्-'संसदमा मौन बस्ने र फेसबुकमा क्रान्तिकारी हुने प्रवृत्ति बन्द गर्नुस् । राजनीति आफ्नो सुविधा हेरेर होइन, सही ठाउँमा सही प्रश्न सोधेर गर्ने हो ।'

यो घटनालाई सुशासन ऐन, २०६४ को मर्मविपरीतको 'ओपन सेटिङ' को संज्ञा दिँदै प्रधानमन्त्रीको समेत ध्यानाकर्षण उनले गराइन् । यसैगरी, प्रवासी नेपालीको नागरिकताको मुद्दा उठाउँदै उनले सरकारको दोहोरो चरित्रप्रति असन्तुष्टि व्यक्त गरिन् । गैरआवासीय नेपाली (एनआरएन) ले आफ्नो नागरिकता निरन्तरताको माग गर्दा परराष्ट्रमन्त्रीबाट सम्भव नभएको अभिव्यक्ति आउनु दुर्भाग्यपूर्ण रहेको उनको भनाइ छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस संसदीय दलका नेता आङ्देम्बेले बलियो सरकार पनि किन कमजोर शासन गरिरहेको छ ? भन्दै प्रश्न गरे ।

उनले भने-'हामीले परिवर्तन खोजेका हौं, कुनै व्यक्तिको अहङ्कार खोजेका होइनौं । हामीले स्थिरता खोजेका हौं तर स्थापित विधि र परम्पराको संस्थागत उल्लङ्घन र राजकीय व्यवहारमा असन्तुलन होइन । र, सबैभन्दा महत्वपूर्ण विषय हामीले सुशासनको सरकार खोजेका हौं, नेतृत्वको काँचो लहड र हुकुमी दम्भ होइन । शासन कुनै सिद्धान्त र विधिबाट निर्देशित देखिएको छैन । नेतृत्वको इच्छाको शासन हाम्रो चाहना पनि होइन ।'

नेपाली जनताबाट ५ वर्ष अकण्टक शासन चलाउन म्यान्डेट प्राप्त सरकार झिनामसिना मुद्दाहरूमा दिनदिनै अल्झिँदै जाने हो भने नेपाल र नेपालीको विकास र अग्रगमनको सपना फगत मृगतृष्णा हुने देखिएको उनले बताए । उनले थपे-'सरकारसँग रहेको बहुमतको शक्तिलाई आम नेपालीको जीवन उकास्न, मुलुकलाई समृद्धिपथमा अघि बढाउने दिशातर्फ शासकीय कौशलताको सर्वथा अभाव किन देखिएको छ ? यही नै आजको मूल प्रश्न हो ।' ठूलो शासकीय परिवर्तनको आशा राखेका नागरिकका लागि यो ६ महिना उत्साहजनकभन्दा पनि 'सङ्क्रमणकालीन अवस्थाकै निरन्तरता' र 'जनजीवन कठिन' नै रहेको तथा शासन अनुभवहीन र 'भूलचुक लिने-दिने' अवस्थामा सञ्चालन भइरहेको अनुभूत गरेको उनले जनाए ।

उनले भने-'धरातलीय यथार्थ ज्ञात छ तर सरकारले आफैँले समीक्षा गरिसकेको हुँदा थप केही भनिरहन परेन । नेपाललाई अब अर्को राजनीतिक परिवर्तनको नाममा अर्को अस्थिरता होइन, परिवर्तनलाई परिणाममा बदल्ने सक्षम शासन चाहिएको छ । लोकप्रियतावाद होइन, संवाद चाहिएको छ । एकाधिकार र अधिनायकवाद होइन, सहकार्य चाहिएको छ ।' सामाजिक सञ्जालबाट घोषणा नभई वास्तविक कार्यान्वयन चाहिएको उनले बताए ।

उनले भने-'गणितीय संख्या होइन, प्रभावकारी नतिजा चाहिएको छ । र, शासन मात्र होइन, सामाजिक न्याय, सुशासन र समुन्नति चाहिएको छ । सबैभन्दा ठूलो कुरा निराशामा रहेका जनतालाई सरकार छ भन्ने भरोसा चाहिएको छ । त्यसैले म सोध्न चाहन्छु- जनतालाई आशा जगाउने काम सरकारले कति गरेको छ ? प्रतिपक्षले विरोध गरेपछि मात्र होइन कि सर्वप्रथमतः सरकार आफैँले आफ्नो समीक्षा गरोस् र प्राप्त नतिजा लिएर अर्को अधिवेशनमा संसद्मा आओस् ।'

नेकपा एमाले सांसद विष्णुमाया विकले 'जेन-जी' आन्दोलनको नाममा भएको हिंसात्मक घटनाप्रति चिन्ता व्यक्त गर्दै लोकतन्त्र र राजनीतिक स्थिरतामाथि प्रहार भएको बताएकी छिन् । बिहीबारको प्रतिनिधि सभा बैठकमा बोल्दै सांसद विकले राजनीतिक इमान्दारीको अभावमा सरकारले जनताको आशामाथि कुठाराघात गरेको आरोप लगाएकी हुन् ।

सांसद विकले ३५ वर्षको लोकतान्त्रिक कालखण्डमा नेपालले हासिल गरेका विकासका उपलब्धिहरूलाई कतिपयले गलत भाष्य निर्माण गरी ओझेलमा पार्न खोजेको बताइन् । साथै, उनले मध्यपहाडी लोकमार्ग, मेलम्ची खानेपानी आयोजना, माथिल्लो तामाकोसी जलविद्युत र अन्तर्राष्ट्रिय विमानस्थलहरू जस्ता गौरवका आयोजनाहरू यही समयमा सम्पन्न भएको स्मरण गराइन् । नेपालले विकासशील राष्ट्रको सूचीमा प्रवेश गरिरहँदा भदौ महिनामा भएको आन्दोलनले भौतिक र मानवीय संरचनामा पुऱ्याएको क्षति दुःखद् रहेको उल्लेख उनले गरिन् ।

'दलहरूप्रति घृणा फैलाएर लोकतन्त्र बलियो हुँदैन । इतिहास नबुझ्नेहरूको शासन क्षणिक हुन्छ, तर संगठन र विचारले मात्र देशलाई दीर्घकालीन दिशा दिन सक्छ,' उनले भनिन्-'भ्रष्टाचार नियन्त्रण र सुशासनको माग गर्दै गरिएको भनिएको आन्दोलन किन एक्कासि हिंस्रक बन्यो ? संसद भवन घेराउ गर्ने, सार्वजनिक सम्पती तोडफोड गर्ने र जनप्रतिनिधिहरूमाथि भौतिक आक्रमण गर्ने काम कसको स्वार्थका लागि थियो ?' उनले लोकतन्त्रको रक्षाका लागि संघर्ष गरेका नेताहरूमाथि भएको दुर्व्यवहारप्रति आपत्ति जनाउँदै यस घटनाको निष्पक्ष छानबिन हुनुपर्ने संकेत गरिन् ।

यस्तै श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राईले सरकारको कार्यसम्पादनप्रति असन्तुष्टि जनाएका छन् । उनले जनताका जल्दाबल्दा मुद्दामा परिणाममुखी काम गर्न ध्यानाकर्षण गराएका छन् । बिहीबार प्रतिनिधि सभा बैठकमा बोल्दै राईले रेमिट्यान्सले धानेको अर्थतन्त्र, युवा पलायन, बढ्दो महँगी र भ्रष्टाचार जस्ता विषयमा सरकारले बेवास्ता गरेको भन्दै आलोचना गरे। सरकारको सुशासनको प्रतिबद्धता केवल नारामा मात्र सिमित रहेको आरोप लगाए ।

राईले निर्वाचन क्षेत्रका विकास निर्माणका काम अलपत्र परेको र सरकारी विद्यालयको गुणस्तर खस्किएको भन्दै शिक्षा क्षेत्रको बेथितिप्रति ध्यानाकर्षण गराए । भ्रष्टाचारका पुराना फाइल खोल्ने सरकारको दाबीबारे उनले प्रश्न गरे । 'गिरिबन्धु टी-स्टेट होस् वा ह्वाइट बडी काण्ड, तपाईंहरूले ठूलो छाती भएको दाबी गर्नुहुन्थ्यो, के कुराले रोक्यो? पपुलारिटीका लागि मात्र बोल्ने हो कि?' -उनले प्रश्न गरे ।

राईले सरकारलाई दुईतिहाइको नजिक रहेको शक्ति प्रयोग गरी भ्रष्टाचारीलाई कारबाही गर्न चुनौती दिए । आफ्नो पार्टी भ्रष्टाचारीलाई कारबाही गर्ने जुनसुकै प्रक्रियामा सरकारलाई सहयोग गर्न तयार रहेको बताए । 'हामीले पटक-पटक उठाएको फ्रि भिसा र फ्रि टिकटको विषय होस् वा किसानका समस्या, सरकारले केवल टालटुले काम मात्र गरेको छ। आफैँले खनेको खाल्डोमा आफैं डुब्ने काम नहोस्,' राईले भने-'आन्दोलनकारीलाई जेल हालेर परिवर्तन आउँदैन ।' उनले जेनजी आन्दोलनलाई दमन गरेको भन्दै सरकारको आलोचना गरे । सदन बन्द रहेको समयमा सङ्घीयता, लोकतन्त्र र समावेशिताविरुद्ध कुनै पनि 'कुचेष्टा' नगर्न सरकारलाई सचेत उनले गराए । राईले जेनजीको माग सम्बोधन गर्न सरकार गम्भीर नभएको आरोप लगाएका छन् ।

आन्दोलनमा सहभागी हुनेहरू 'जलाऊ जलाऊ ठोक' भन्नेहरू सांसद मन्त्री हुँदा पनि माग सम्बोधन गर्नमा चासो नदिएको टिप्पणी गरे । उनले भने-'जेनजी को सपना पूरा गर्छु भनेर सरकार तपाईंहरू आउनुभएको हो । त्यही आन्दोलनमा सहभागी हुनेहरूलाई जलाऊ जलाऊ ठोक भन्नेहरू सांसद मन्त्री हुने, अनि त्यही जेनजी आन्दोलनमा सहभागी हुनेहरू जेल बस्नु पर्ने के हो यो ? के समस्या हो यो ?'

» बाँकी ३ पेजमा

## उपनेता पराजुलीद्वारा सरकारको बचाउ



रास्वपा संसदीय दलका उपनेता गणेश पराजुलीले सरकारले संसद्मा जनमुखी र राष्ट्रहितका कानुन निर्माणको तीव्रतासँगै राष्ट्रिय स्वतन्त्र पार्टीले वाचा गरेको सुशासनको जग मजबुत बनाउने काम निरन्तर अघि बढाइरहेको बताएका छन् । प्रतिनिधिसभाको बैठकमा बोल्दै सरकारको ६ महिने कामको समीक्षा गरे ।

अब नागरिकको काम बन्न पहुँच खोज्नुपर्ने र कर्मचारीले अवसर पाउन पैसा बुझाउनुपर्ने अवस्थाको अन्त्य भएको बताए ।

सरकारले समय तोकेरै बाँकी फाइल टुङ्ग्याउने अभियान, सचिवहरूसँग कार्यसम्पादनमा आधारित सम्झौता, राष्ट्रिय सदाचार नीति स्वीकृति तथा सार्वजनिक जग्गा र सहकारीसम्बन्धी प्रतिवेदन कार्यान्वयनका काम अघि बढेको जनाए ।

घुसको लेनदेन स्वीकार्य नभएको भन्दै उनले जायज काम गर्न कसैले घुस मागे निर्धक्क भएर विवरणसहित जानकारी दिन आग्रह गरे । होच्याउने नियतले गरिने गाली र कानुनले निषेध गरेको बेइज्जती दण्डनीय कसुर हुन् भन्ने पनि बिर्सनु नहुने उनले बताए ।

# साढे दुई किलो सुनका गहनासहित महिला पक्राउ



**मोहम्मद हबिब**
*भैरहवा*

भारतबाट अवैधरूपमा भन्सार छली गरी नेपालतर्फ भित्र्याउँदै गरिएको साढे दुई किलोभन्दा बढी तौलका विभिन्न प्रकारका सुनका गरगहनासहित काठमाडौंकी एक महिलालाई रुपन्देहीको सिद्धार्थनगरबाट सुरक्षा निकायको संयुक्त टोलीले पक्राउ गरेको छ ।

विशेष सुराकीका आधारमा असोज १४ गते राति ८ बजे सिद्धार्थनगर नगरपालिका-१ स्थित शान्तिगेट चेकप्वाइन्टमा खटिएको सुरक्षाकर्मीको टोलीले काठमाडौं महानगरपालिका वडा नं. १९ निवासी ४६ वर्षीया ईला पटेललाई नियन्त्रणमा लिएको हो ।

सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म हेडक्वार्टर डण्डा रुपन्देहीका प्रमुख तथा सशस्त्र प्रहरी नायव उपरीक्षक गोपी कृष्ण भट्टराईको कमाण्डमा खटिएको ७ जनाको टोलीले शान्तिगेट क्षेत्रमा निगरानी बढाएको थियो । सोही क्रममा भारतबाट पैदल नेपालतर्फ आउँदै गरेकी पटेलको चालढाल शंकास्पद देखिएपछि इलाका प्रहरी कार्यालय बेलहिया रुपन्देहीका प्रहरी सहायक निरीक्षक लालबहादुर केसीको कमाण्डमा रहेको ३ जनाको प्रहरी टोलीलाई समेत बोलाई संयुक्त रूपमा चेकजाँच गरिएको थियो । सघन चेकजाँचका क्रममा निजको साथबाट कुल २ किलोग्राम ६०५ ग्राम तौल भएका विभिन्न किसिमका सुन जस्ता देखिने पहेँलो धातुका गरगहनाहरू बरामद भएका थिए ।

बरामद गरिएका गहनाहरूको आधिकारिकता, गुणस्तर, शुद्धता र परिमाण परीक्षणका लागि असोज १५ गते सिद्धार्थनगर सुनचाँदी व्यवसायी संघमा पठाइएको थियो । संघले गहनाहरूको विस्तृत परीक्षण गरी पठाएको प्रतिवेदन अनुसार बरामद गहनाहरूमध्ये १ किलोग्राम शुद्ध फाइन सुन रहेको र त्यसको वर्तमान बजार मूल्य रु २ करोड ५१ लाख ९३ हजार ३५० कायम भएको पुष्टि गरेको छ ।

सुरक्षा टोलीले पटेलको साथबाट बरामद गरेका २ किलो ६०५ ग्राम गहनाहरूमा १८ प्रकारका १८८ भन्दा बढी थान र जोरका विभिन्न सामाग्रीहरू रहेका छन् । बरामद गरिएका सामग्रीहरूमा हार ९ थान, औँठी ८१ थान, चुरा १३ थान, माला ४ थान, हसुली किसिमको सिक्री ८ थान, पत्थरसहितको झुम्का २० थान, झुम्का २४ थान, गोली औँठी १४ थान, लकेट जन्तर १ थान, पोते १७ थान, र सिक्री २४ थान रहेका छन् । यसैगरी बाली र जुली १८८ जोर, पत्थरसहितको टप ६४ जोर, नाकको फूली २२ थान, पत्थरवाला हार २ थान, सानो झुम्का १० थान, कानको बाली ११ जोर तथा ब्रासलेट ८ थान सबै विभिन्न डिजाइन, साइजका पत्थर र व्याग सहित बरामद गरिएको छ ।

भन्सार छली गरी गैरकानुनी रूपमा सुनका गहना भित्र्याउने कार्यमा संलग्न नियन्त्रणमा लिइएकी महिला ईला पटेल, बरामद गरिएका सम्पूर्ण गरगहनाहरू र सिद्धार्थनगर सुनचाँदी व्यवसायी संघको परीक्षण रिपोर्टसहित थप अनुसन्धान तथा भन्सार ऐन अनुसारको आवश्यक कानुनी कारबाहीका लागि असोज १५ गते भैरहवा भन्सार कार्यालय रुपन्देहीमा बुझाइएको सशस्त्र प्रहरी बल नेपाल सीमा सुरक्षा गुल्म डण्डा रुपन्देहीले जनाएको छ ।



# सम्पादकीय

## स्क्रब टाइफसको संक्रमणको जोखिम

दशक अघिसम्म ठूलो समस्याको रूपमा नदेखिएको स्क्रब टाइफसले अहिले महामारीको रूप लिएको छ। अहिले यो गंभीर जनस्वास्थ्य जोखिम बनेको छ। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार यस वर्ष जनवरीदेखि देशभर ९ हजारभन्दा बढी मानिस स्क्रब टाइफसबाट संक्रमित भइसकेका छन्। रोग ७४ जिल्लामा फैलिएको छ। पछिल्लो एक महिनामा मात्र देशभर २ हजार ७ सय १८ जना यो रोगबाट संक्रमित भएका छन्। अझ स्क्रब टाइफसलाई गम्भीर समस्या नमान्ने र सरकारी अभिलेखमा नआउने भएकाले वास्तविक संख्या अझै बढी हुन सक्छ। सल्यानको दार्मा गाउँपालिकामा मात्रै ६ सयभन्दा बढी संक्रमित छन् भने यसबाट आठको मृत्यु भइसकेको छ। यो संक्रमण चालु वर्ष देशभर ७४ जिल्लामा फैलिएको छ। बैतडीमा पनि चालु आर्थिक वर्षको साउन र भदौमा १३९ संक्रमित भेटिएका छन्। समयमै उपचार नगरे मिर्गौला, फोक्सो तथा अन्य अंगमा असर पुग्ने चिकित्सकहरुको भनाई छ।

स्क्रब टाइफस ब्याक्टेरियाका कारण हुने घातक संक्रामक रोग हो। यो ब्याक्टेरिया सूक्ष्म किर्नाले मानिसमा सार्छ। संक्रमित मुसामा पाइने लार्भा अवस्थाका माइट (चिगर) ले टोकेपछि मानिसमा यो रोग सर्ने गर्छ। आर्थिक वर्ष २०२४/२५ मा स्क्रब टाइफसबाट संक्रमितको संख्या १६ हजार ५९७ भन्दा बढी थियो। यो बेला स्क्रब टाइफसको संक्रमण उच्च हुने समय हो। तसर्थ रोग नियन्त्रणका लागि पहलकदमी हुनुपर्छ। सल्यानमा निगरानी र रोग नियन्त्रणका लागि कीट विज्ञसहितको विशेषज्ञ टोली परिचालन गरिएको सरकारी भनाइ छ। तर अन्यत्र यो रोगको नियन्त्रण र रोकथामको पहलकदमी हुन सकेको छैन।

देशका लगभग सबै जिल्लामा यो घातक रोग फैलिएकाले सबैजना स्क्रब टाइफस संक्रमणको जोखिममा छन्। केही वर्षअघिसम्म ग्रामीण क्षेत्रमा बस्ने वा खेतबारीमा काम गर्नेहरु मात्रै उच्च जोखिममा रहेको मानिए पनि पछिल्ला वर्षहरूमा सहरी क्षेत्रमा बस्ने मानिसहरूमा पनि संक्रमण देखिन थालेको छ। झट्ट हेर्दा उपचार सहज मानिए पनि शहरमा फैलिनु भनेको ठूलो जनसंख्या प्रभावित हुनु हो। ठूलो जनसंख्या भएको क्षेत्रमा फैलिदा धेरै प्रभावित हुने जोखिम भएकाले यो रोगको संक्रमण रोकथामको योजना र व्यवस्थापनमा सरकार चनाखो हुनुपर्छ। चिकित्सकले स्क्रब टाइफसको संक्रमित भएका बिरामी सामान्य एण्टिबायोटिकबाट निको हुने बताएपनि किन धमाधम बिरामीको ज्यान गइरहेको छ ? यसको कारण विश्लेषण हुनुपर्छ। चिकित्सकले सामान्य एण्टिबायोटिकले निको हुने बताएक(ाले पनि नागरिकले सचेतनाबाट लापरवाही गरेका हुनसक्छन्। स्क्रब टाइफसको संक्रमण हुँदाउच्च ज्वरो आउने, अत्यधिक टाउको दुख्ने पेट दुख्ने,ढाड दुख्ने,जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा रातो बिमिरा देखिने, वाकवाकी लाग्ने र बान्ता हुने, गम्भीर अवस्थामा रक्तस्राव हुन सक्ने, जसले अंगहरूमा क्षति पुर्‍याउन सक्छ। त्यसैगरी, श्वासप्रश्वासमा गम्भीर समस्या मस्तिष्क सुन्निने,फोक्सोमा समस्या,मिर्गौला फेल हुने र शरीरका धेरै अंगले काम गर्न छाड्ने अवस्था आउँछ। स्क्रब टाइफसविरुद्ध कुनै खोप उपलब्ध नभएकाले संक्रमित किरा/लार्भाबाट बच्नु नै सबैभन्पदा उत्तम उपाय भएको चिकित्सकले सुझाव दिएका छन्। उनीहरुका अनुसार, खेतबारी, घाँस वा झाडीमा काम गर्नेहरूले पूरा बाहुला भएको लुगा र पाइन्ट लगाउनुपर्छ। छाला देखिने ठाउँमा किरा/लार्भा भगाउने वा मार्ने स्प्रेहरु प्रयोग गर्ने, घाँस वा बोटबिरुवामाथि सिधै बस्ने गर्ने हुँदैन्। अनि घर बाहिर वा खेतबारीमा काम गरिसकेपछि लुगा फेर्ने, धुने र नुवाउने गर्नुपर्छ। नागरिकमाझ सचेतनाका कार्यक्रम चलाउन तहगत सरकारबिच समन्वय हुँदा स्क्रब टाइफसको संक्रमणबाट बच्न सकिन्छ।

## सेयर बजार २६ सयभन्दा तल



काठमाडौं। सेयर बजार परिसूचक २६ सयभन्दा तल झरेको छ। लामो समयदेखि २६ सय विन्दुको वरपर घुमिरहेको सेयर बजारमा पुनः दबाब देखिएको हो।

बिहीबार बजार ४.८२ अङ्कले घटेर २५९८.८९ विन्दुमा कायम भएको छ। बजार खुला भएसँगै केही उतारचढाव देखिएको बजार अन्त्यमा सामान्य अङ्कले घटेको हो। दुई साताअघि बजार २६ सय भन्दा तल नै रहेको थियो। तर, सरकारले पुँजी बजार सुधारसम्बन्धी कार्ययोजना ल्याएसँगै बजार उचालिएको थियो। तर, अहिले बजार फेरि घट्दै पुरानै विन्दुमा ओर्लिएको हो।

परिसूचकमा गिरावट आए पनि कारोबार रकम भने सामान्य देखिएको छ। बुधबार दिनभरिमा कुल ४ अर्ब ७६ करोड रुपैयाँभन्दा बढीको सेयर खरिद बिक्री भएका छन्। बजारमा आज कुल १२ लाख ६५ हजार ३७४ कित्ता सेयर किनबेच भएका छन्।

कारोबारमा सहभागी कुल ३५२ कम्पनीमध्ये १०९ कम्पनीको सेयर मूल्य बढेको छ भने १५७ कम्प(नीको सेयर मूल्य घटेको छ। साथै, १३ कम्पनीको सेयर मूल्यमा भने कुनै परिवर्तन आएको छैन।

समूहगत रूपमा हेर्दा ट्रेडिङ क्षेत्रमा सुधार आउनु बाहेक अन्य क्षेत्रमा ठुलो उतारचढाव देखिएको छैन।

# अभिव्यक्ति स्वतन्त्रता कि अराजकता ?



टेकेन्द्र जोशी

वास्तविक लोकतन्त्र अर्थात् अभिव्यक्ति स्वतन्त्रताको हनन हुन्छ। लोकतन्त्र आफूलाई मन पर्ने विचार बोल्ने अधिकार मात्र होइन, आफूलाई मन नपर्ने विचार अरूले बोल्न पाउने अधिकारको रक्षा पनि हो। यो अधिकार सुरक्षित गर्ने आधार राजनीतिक संस्कार हो। समाजवादी राजनीतिमा यस्तो संस्कार स्थापित नभएसम्म समाजवादको लोकतान्त्रिक दाबी अधुरै रहन्छ। असहमत आवाजमाथिको नियन्त्रणले समाजवादलाई होइन, लोकतन्त्रलाई कमजोर बनाउँछ। त्यसैले, बदलिँदो युगमा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र विकास समाजवादी राजनीतिको अनिवार्य सर्त हो।

यो आलेख विश्वका केही बहुचर्चित समाजवादी चिन्तकको भनाइबाट सुरु गरौं। रोजा लक्जेम्बर्गले लोकतन्त्रको एउटा कठिन तर गहिरो सत्य औंल्याएकी थिइन्- स्वतन्त्रता आफूलाई मनपर्ने विचारको अभिव्यक्ति मात्र होइन, फरक विचार राख्ने व्यक्तिको पनि स्वतन्त्रता हुन्छ। जसलाई सम्मान र आत्मसात् गर्नुपर्छ। स्वतन्त्रता सधैं फरक विचार राख्नेहरूको स्वतन्त्रता हो। यो भनाइ सामान्य उदारवादी स्वतन्त्रताको मात्र होइन, समाजवादी लोकतन्त्रको आत्मासँग जोडिएको प्रश्न पनि हो। लक्जेम्बर्गले क्रान्ति र समाजवादका नाममा असहमति अर्थात् फरक मत राख्नेलाई दबाउने प्रवृत्तिको कठोर आलोचना गरेकी थिइन्। एन्टोनियो ग्राम्सीको विचारमा पनि सत्ता केवल राज्यका संस्थाबाट चल्दैन, समाजमा फरक विचार, संस्कृति र सहमतिमाथिको नियन्त्रणबाट पनि सत्ता निर्माण हुन्छ भनेका छन्। त्यसैले, लोकतान्त्रिक समाजवादको प्रश्न केवल सरकार कसले चलाउँछ भन्नेमा होइन, समाजमा कसको आवाज सुन्न सकिन्छ र कसको आवाज दबाउन सकिन्छ भन्नेमा पनि हुन्छ। नोम चोम्स्कीले पनि अभिव्यक्ति स्वतन्त्रताको वास्तविक परीक्षा आफूलाई मनपर्ने विचारको रक्षा गर्नुमा नभई आफूलाई असहमत वा अप्रिय लाग्ने विचारलाई पनि निर्बाध बोल्न दिने क्षमताका रूपमा व्यक्त गरेका छन्। यी तीन दृष्टिकोणलाई नेपालको वर्तमान राजनीतिक अभ्याससँग जोडेर हेर्दा एउटा असहज प्रश्न उठ्छ कि हामीले समाजवाद र लोकतन्त्रको कुरा धेरै गर्छौं।

तर, फरक मत, फरक विचार तथा असहमति र आलोचनालाई सहनै सक्दैनौं। यस्तो खालको सामाजिक राजनीतिक संस्कृति हाम्रो माझ किन बलियो छ ? यसलाई हामीले किन सहन, पचाउन र यसलाई विकास र संरक्षण गर्न सकिरहेका छैनौं ? जबकि अभिव्यक्ति स्वतन्त्रतामा यसको अर्थपूर्ण भूमिका हुन्छ। जबकि नेपालको संविधानले नै विचार र अभिव्यक्तिको स्वतन्त्रता, शान्तिपूर्ण भेला हुने स्वतन्त्रता, आफ्नो कुरा विभिन्न रूपमा स्वःस्फूर्त तरिकाले राख्ने अधिकार, राजनीतिक दल तथा संघसंस्था खोल्नेलगायत अधिकार सुनिश्चित गरेको छ। राजनीतिक दल गठन र सञ्चालनको अधिकारसमेत संविधानले स्पष्ट रूपमा व्यवस्था गरेको छ। ०६२/६३ को जनआन्दोलन, गणतन्त्र स्थापना र २०७२ को संविधानपछि नेपालले राजनीतिक रूपमा ठुलो परिवर्तन गर्‍यो। तर, संविधानमा अधिकार लेखिनु र समाजमा त्यसको लोकतान्त्रिक संस्कार निर्माण हुनु एउटै कुरा होइन। यही नै नेपालको समाजवादी राजनीतिको सबैभन्दा ठुलो चुनौतीका रूपमा देखिएको छ।

नेपालका कम्युनिस्ट तथा समाजवादी लोकतान्त्रिक भनिने दलले लामो समयदेखि जनवाद, सामाजिक न्याय, समानता, श्रमजीवी वर्गको अधिकार, उत्पीडित समुदायको मुक्ति र लोकतान्त्रिक गणतन्त्रको पक्षमा राजनीति गर्दै आएका छन्। तर, व्यवहारमा पार्टीभित्र नेतृत्वप्रति प्रश्न गर्ने संस्कृति कति बलियो छ ? फरक मत राख्ने कार्यकर्ताले आफ्नो राजनीतिक अस्तित्व जोगाउन सक्छ कि सक्दैन ? नेतृत्वको निर्णयमाथि आलोचना गर्दा त्यसलाई वैचारिक बहस मानिन्छ कि अनुशासनको समस्याका रूपमा लिइन्छ ? रोजा लक्जेम्बर्गको दृष्टिमा यही प्रश्न निर्णायक हुन्छ। समाजवाद केवल सत्ता परिवर्तनको हतियार बन्यो। विचारको स्वतन्त्रता र असहमतिको अधिकार कमजोर भयो भने त्यसले आफूले आलोचना गरेको पुरानै राजनीतिक संस्कार दोहोर्‍याउन सक्छ। समाजवादी लोकतन्त्रको अर्थ एउटै विचारमा सबैलाई बाँध्नु होइन, साझा लक्ष्यभित्र फरक विचार, फरक बहस र आलोचनालाई स्थान दिनु हो।

नेपालका ठुला कम्युनिस्ट दलबिच पटक-पटक हुने एकता, विभाजन, पुनः एकता र नेतृत्व संघर्षले पनि यही प्रश्न जन्माउँछ। पछिल्लो समयसमेत ठुला कम्युनिस्ट दलका शीर्ष नेतृत्वले गरेका राजनीतिक समझदारीमा पार्टीका औपचारिक निर्णय संरचना र आन्तरिक परामर्शका विषयमा नेताभित्रै असन्तुष्टि सार्वजनिक भएको छ। २०२६ मा एमाले र नेपाली कम्युनिस्ट पार्टीबिच भएको प्रादेशिक शक्ति-सम्झौताबारे दुवै दलका केही नेताले निर्णय प्रक्रियामाथि प्रश्न उठाएका थिए। यसलाई केवल एउटा राजनीतिक बहसका रूपमा होइन, समाजवादी लोकतन्त्रको संस्थागत अभ्यासको प्रश्नका रूपमा हेर्नुपर्छ। नेतृत्व बलियो हुनु समस्या होइन। तर, संस्थाभन्दा नेतृत्व बलियो हुँदै जानु समस्या हो। लोकतन्त्रमा नेता संस्थाभित्र हुन्छ, संस्था नेताभित्र हुँदैन। यही कुरा नयाँ राजनीतिक शक्तिमा पनि लागू हुन्छ। पुराना दलको विकल्प बन्ने दाबी गर्ने नयाँ शक्तिले पनि यदि प्रश्न गर्ने कार्यकर्तालाई असहज ठान्छ, आलोचकलाई विरोधी ठान्छ र सामाजिक सञ्जालको लोकप्रियतालाई नै लोकतान्त्रिक वैधताको मापदण्ड बनाउँछ भने यसबाट राजनीतिक संस्कार नभई राजनीतिक पात्र मात्र बदलिन्छन्।

गत वर्षको भदौ २३/२४ को जेन-जी आन्दोलनले नेपालमा अर्को गम्भीर प्रश्न उजागर गर्‍यो। फ्रिडम हाउसले २०२६ मा गरिएको एक अध्ययन मूल्यांकनमा नेपाललाई १०० मध्ये ५९ अंकसहित पार्टी फ्री वर्गमा राखिएको छ। जहाँ राजनीतिक अधिकारमा २७/४० र नागरिक स्वतन्त्रतामा ३२/६० अंक दिइएको छ। प्रतिवेदनले गत भदौको जेन-जी आन्दोलनका क्रममा सुरक्षा बलको घातक बल प्रयोग र त्यसपछि सरकारी तथा अन्य भवनमा भएको हिंसात्मक विध्वंस उल्लेख गर्दै शान्तिपूर्ण भेला हुने स्वतन्त्रताको मूल्यांकनसमेत घटाएको छ। यस घटनाबाट समाजवादी लोकतन्त्रले दुईवटा पाठ सिक्नुपर्छ। पहिलो- राज्यको शक्ति नागरिकको असहमतिलाई दबाउने साधन बन्नु हुँदैन। दोस्रो- नागरिकको असन्तुष्टि हिंसात्मक विनाशमा बदलिनु पनि लोकतान्त्रिक संस्कार होइन। राज्यको दमन र नागरिकको अराजकता एक-अर्काको विकल्प होइनन्, दुवै लोकतान्त्रिक संवादका संकट हुन्।

अभिव्यक्ति स्वतन्त्रताको अर्को महत्वपूर्ण परीक्षा प्रेस स्वतन्त्रता हो। प्रेस काउन्सिल नेपालका अनुसार आर्थिक वर्ष ०८१/८२ मा नेपालमा प्रेस स्वतन्त्रता हननका ९४ घटना उल्लेख गरेका छन्। तीमध्ये ४१ धम्की वा दुर्व्यवहार, २२ आक्रमण वा कुटपिट, १३ पेसागत असुरक्षा, सात कब्जा वा अवरोध र सात पक्राउ वा पक्राउ प्रयासका घटना छन्। यी घटनाबाट १०६ जना पत्रकार प्रभावित भएको काउन्सिलले जनाएको छ। यसले राज्यलाई मात्र होइन, राजनीतिक दल र समाजलाई पनि प्रश्न गर्छ। पत्रकारले सत्तासँग प्रश्न गर्दा ऊ कुनै दलको विरोधी हुँदैन। नागरिकले सरकारको आलोचना गर्दा ऊ राष्ट्रविरोधी हुँदैन। कार्यकर्ताले आफ्नै पार्टीको नेतृत्वमाथि प्रश्न गर्दा ऊ संगठनविरोधी मात्र हुँदैन। लोकतन्त्रको अर्थ नै प्रश्न गर्ने अधिकारको संरक्षण हो। तर, यसलाई त्यसरी लिएको देखिँदैन।

ग्राम्सीको दृष्टिले हेर्दा सत्ता केवल प्रहरी, प्रशासन वा कानुनबाट टिक्दैन, विचार निर्माण गर्ने संरचनाबाट पनि टिक्छ। त्यसैले, यदि समाजमा एउटा मात्र विचारलाई 'सही' र अरूलाई 'गलत' ठान्ने संस्कार बढ्दै गयो भने राजनीतिक स्वतन्त्रता औपचारिक मात्र हुन सक्छ। सामाजिक सञ्जालको विस्तारले यो समस्या अझ जटिल बनाएको छ। फरक विचार देख्नासाथ गाली, ट्रोलिङ, धम्की, व्यक्तिगत आक्रमण र समूहगत बहिष्कार गर्ने प्रवृत्तिले अभिव्यक्ति स्वतन्त्रतालाई बहसको माध्यमबाट भिड र हिंसाको दबाबमा बदल्न सक्छ। तर, अभिव्यक्ति स्वतन्त्रता अराजकताको लाइसेन्स पनि होइन। तथ्यविना आरोप लगाउने, घृणा फैलाउने, हिंसा उक्साउने, चरित्रहत्या गर्ने वा अरूको अधिकारमाथि आक्रमण गर्ने कामलाई स्वतन्त्रताका नाममा उचित ठहर्‍याउन सकिँदैन। स्वतन्त्रता र जिम्मेवारी सँगसँगै जान्छन्। त्यसैले, नेपालको समाजवादी लोकतन्त्रको आजको चुनौती केवल राज्य परिवर्तन होइन, राजनीतिक संस्कार परिवर्तन पनि हो। समाजवादका नाममा नेतृत्वको आलोचना निषेध गर्ने संस्कृति र लोकतन्त्रका नाममा भिडको आक्रोशलाई वैध ठान्ने संस्कृति दुवैबाट मुक्त हुनुपर्छ।

लक्जेम्बर्गले दिएको लोकतान्त्रिक चेतावनी, ग्राम्सीले देखाएको विचार र सहमतिको राजनीतिक शक्ति तथा चोम्स्कीले जोड दिएको भिन्न विचारको स्वतन्त्रता- यी सबैलाई नेपालको वर्तमान राजनीतिमा जोड्दा एउटा स्पष्ट निष्कर्ष निस्कन्छ कि लोकतन्त्रको शक्ति सहमतिमा मात्र होइन, असहमतिलाई सुरक्षित राख्ने क्षमतामा हुन्छ। नेपालमा संविधान छ, निर्वाचन छ, राजनीतिक दल छन्, संसद् छ, प्रेस छ र सामाजिक सञ्जाल पनि छन्। अब प्रश्न यति मात्र होइन कि यी संस्था छन् कि छैनन्। प्रश्न यो हो- यी संस्थाभित्र फरक विचार राख्ने मानिस कति सुरक्षित छन् ?

लोकतन्त्रको असली परीक्षा संसद्को बहुमतमा मात्र हुँदैन। एउटा कार्यकर्ताले आफ्नै नेतासँग असहमति राख्न सक्नु, एउटा पत्रकारले शक्तिशाली व्यक्तिमाथि प्रश्न गर्न सक्नु, एउटा नागरिकले सरकारको आलोचना गर्न सक्नु र सामाजिक सञ्जालमा आफूभन्दा फरक विचार राख्ने व्यक्तिसँग गाली होइन, तर्क गर्न सक्नु, यिनै साना अभ्यासले लोकतन्त्रको बृहत् तस्बिर बनाउँछन्। समाजवादले समानता खोज्छ भने लोकतन्त्रले स्वतन्त्रता खोज्छ। यी दुईलाई अलग गरेर समाजवादी लोकतन्त्र पूर्ण हुँदैन। समानताको नाममा स्वतन्त्रता हरायो भने समाजवाद अधुरो हुन्छ। स्वतन्त्रताका नाममा सामाजिक न्याय हरायो भने लोकतन्त्र अधुरो हुन्छ। त्यसैले, आजको आवश्यकता लोकतन्त्रका कुरा अझ ठुलो स्वरमा गर्नु होइन, लोकतन्त्रलाई व्यवहारमा उतार्नु हो। लोकतन्त्र राजनीतिक प्रणालीभन्दा बढी व्यावहारिक आचरण हो। फरक विचार सुन्न सक्ने सत्ता, असहमति स्विकार्न सक्ने दल, आलोचना सहन सक्ने नेता र स्वतन्त्रतालाई जिम्मेवारीसँग जोड्न सक्ने नागरिक बनेपछि मात्र लोकतन्त्र जीवित हुन्छ।

त्यसैले, लोकतन्त्र आफूले बोल्न पाउने अधिकारको नाम मात्र होइन, आफूलाई मन नपर्ने मानिसले बोल्दा उसको अधिकारको रक्षा गर्न सक्ने राजनीतिक संस्कार पनि हो। यही संस्कार समाजवादी राजनीतिमा स्थापित नभएसम्म समाजवादको लोकतान्त्रिक दाबी अधुरै रहन्छ। र, वास्तविक लोकतन्त्र अर्थात् अभिव्यक्ति स्वतन्त्रताको हनन हुन्छ। लोकतन्त्र आफूलाई मन पर्ने विचार बोल्ने अधिकार मात्र होइन, आफुलाई मन नपर्ने विचार अरूले बोल्न पाउने अधिकारको रक्षा पनि हो। यो अधिकार सुरक्षित गर्ने आधार राजनीतिक संस्कार हो। समाजवादी राजनीतिमा यस्तो संस्कार स्थापित नभएसम्म समाजवादको लोकतान्त्रिक दाबी अधुरै रहन्छ। असहमत आवाजमाथिको नियन्त्रणले समाजवादलाई होइन, लोकतन्त्रलाई कमजोर बनाउँछ। त्यसैले, बदलिँदो युगमा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र विकास समाजवादी राजनीतिको अनिवार्य सर्त हो।

नयाँ पत्रिकाबाट


# Dhurkot Rural Municipality

**Office of the RuralMunicipal Executive**

Barbot,Gulmi

Lumbini, Province, Nepal

## Invitation for Bids

Third Date of publication: 2026-10-02(2083-06-16)

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids(NCB) through manual (hardcopy only) system bidders for the procurement of :

| S.N | Contract Identification Number | Works of description | Last Date/Time of bid document purchase | Last Date/Time of bid document submission | Date of opening of bid | Estimated Minimum amount with VAT Nrs | Bid Security amount Nrs | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-W-NCB-08-083/84 | Construction Work of Dhurkot Rural Municipality EkGhar EkDhara Programme (Bahungau RCC Tank)at Dhurkot Rural Municipality-4,Gulmi | 2026-10-27, 05:00 PM | 2026-10-28, 12:00 PM | 2026-10-28, 13:00 PM | 41,78,177.75 | 1,25,000.00 | 3000 |
| 2 | ODRM-Gulmi-W-NCB-21-083/84 | Construction Work of Chhilimpe Ditthapokhara Kimukharka DwanetaThyapche Road Scheme-2 at Dhurkot Rural Municipality-5,6 & 7,Gulmi | 2026-10-27, 05:00 PM | 2026-10-28, 12:00 PM | 2026-10-28, 13:00 PM | 58,44,242.03 | 1,75,000.00 | 3000 |

2. Eligible bidders may obtain further information from the office of Dhurkot Rural Municipality or may visit website www.dhurkotmun.gov.np.
3. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917 , 9843589271.

**Chief Administrative Officer**

# समग्र लुम्बिनीको विकासलाई प्राथमिकतामा राखेर काम भइरहेको छ : मुख्यमन्त्री आचार्य

अर्घाखाँची । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले प्रदेशको समग्र विकासलाई प्राथमिकतामा राखेर सरकारले योजनाबद्ध रूपमा काम गरिरहेको बताएका छन् ।

जिल्ला समन्वय समिति अर्घाखाँचीले बिहीबार आयोजना गरेको वार्षिक समीक्षा कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले विकासका क्षेत्रमा प्रदेश सरकारले आवश्यक पहलकदमी लिएको दाबी गरे । उनले सरकारका कामको मूल्यांकन भाषण र दाबीका आधारमा नभई त्यसबाट प्राप्त परिणामका आधारमा हुनुपर्ने बताए ।

'विकासको पहलकदमी लिएका छौँ । अहिले जनताले परिणाम खोजेका छन्। कुराले मात्रै चिउरा भिज्दैन । आलोचना गरेर मात्रै विकास हुँदैन ।'- उनले भने । उनले लुम्बिनी प्रदेशको विकासका लागि संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताए । संघीय सरकारअन्तर्गतका कतिपय आयोजना बजेट अभावलगायत कारणले अलपत्र रहेको उल्लेख गर्दै ती आयोजना अघि बढाउन संघीय सरकारसँग निरन्तर समन्वय र पहल भइरहेको उनको भनाइ थियो । अर्घाखाँचीमा मात्रै संघीय सरकारका २७ वटा सशर्त आयोजना रहेको उल्लेख गर्दै मुख्यमन्त्री आचार्यले विनियोजित बजेट तथा आयोजनाको कार्यान्वयन अवस्थाबारे गम्भीर समीक्षा गर्नुपर्ने बताए। 'सोलोडोलोमा मूल्यांकन गर्नु हुँदैन। राम्रा काम भएका छन् । काम गर्नेहरूको मूल्यांकन हुन जरुरी छ,' उनले भने-'राम्रा काम गर्ने कार्यालय र कार्यालयभित्रका कर्मचारीलाई हामीले दिलैदेखि धन्यवाद दिनुपर्छ ।'

विकास निर्माणका कामलाई राजनीतिक आग्रह-पूर्वाग्रहका आधारमा मूल्यांकन गर्न नहुने भन्दै उनले आवश्यकता र परिणामका आधारमा आयोजनाको मूल्यांकन गर्नुपर्ने बताए। विकासका विषयमा हुने गलत प्रचार अन्त्य गर्नुपर्नेमा पनि उनले जोड दिए ।

**वन कानुनका कारण राजस्वमा असर**

मुख्यमन्त्री आचार्यले वनसम्बन्धी कानुन स्पष्ट र प्रभावकारी रूपमा संशोधन हुन नसक्दा प्रदेश तथा स्थानीय तहको विकास र राजस्व संकलनमा समेत असर परेको बताए । वन तथा नदीजन्य पदार्थबाट अपेक्षाअनुसार राजस्व संकलन हुन नसकेको उल्लेख गर्दै उनले संघीय सरकारसँग कानुनी तथा नीतिगत सुधारका लागि निरन्तर पहल भइरहेको जानकारी दिए ।

उनका अनुसार लुम्बिनी प्रदेशमा पछिल्लो समय पूर्वाधार, शिक्षा, स्वास्थ्य, विद्युत्, सिँचाइ तथा सडक क्षेत्रमा उल्लेख्य काम भएका छन् । अर्घाखाँचीमा पक्की तथा झोलुंगे पुल निर्माण, सिँचाइ पूर्वाधार विस्तार, विद्युतीकरण, विद्यालयको भौतिक सुधार तथा आधारभूत अस्पतालमा चिकित्सक पठाउने काम भएको उनले बताए । मुख्यमन्त्री आचार्यले विकासको अवस्थालाई विगतसँग तुलना गरेर मूल्यांकन गर्नुपर्ने बताए । २०७४ सालअघिको अवस्था र त्यसपछिको अवधिमा भएका विकासलाई हेर्नुपर्ने उनको भनाइ थियो ।

'३५ वर्षमा केही भएन भनेर गलत भाष्य खडा गर्न खोजिएको छ । यो गलत हो । यो बीचमा अर्घाखाँचीले मुहार फेरेको छ,'- उनले भने -'सेवा प्रवाह कसरी हुन्छ भन्ने मुख्य कुरा हो ।'

प्रतिनिधिसभा सदस्य हरिप्रसाद भुसालले वार्षिक समीक्षा आगामी दिनमा सुधार गर्नुपर्ने राम्रा तथा कमजोर पक्ष पहिचान गर्ने अवसर भएको बताए। उनले सरकारी कार्यालयबाट नागरिकलाई सेवा प्रवाह कसरी भइरहेको छ भन्ने विषयलाई मुख्य रूपमा हेर्नुपर्ने बताए । तीन तहका सरकारबीच प्रभावकारी समन्वय कायम गरेर जिल्लाको विकास र समृद्धिका लागि अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

सामाजिक विकासमन्त्री रामजीप्रसाद घिमिरेले तीन तहका सरकारका कार्यालयले गरेका कामको समीक्षा आवश्यक रहेको बताए । सरकारका तह फरक भए पनि काम गर्ने थलो एउटै जिल्ला भएकाले जिल्लाको समृद्धिका लागि वार्षिक समीक्षा महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

'तीन तहका सरकारको संरचना फरक छ, तर काम गर्ने थलो एउटै हो । जिल्लाको समृद्धिका लागि समीक्षा आवश्यक छ ।'-उनले भने ।

**'कानुन स्पष्ट नहुँदा स्थानीय तहलाई समस्या'**

शीतगंगा नगरपालिकाका नगरप्रमुख झविलाल पौडेलले संघीय र प्रदेशका कानुन स्पष्ट नहुँदा स्थानीय तहलाई काम गर्न समस्या भइरहेको बताए। उनले तीन तहका सरकारबीच अधिकार र जिम्मेवारी स्पष्ट पार्दै आवश्यक समन्वय हुनुपर्ने बताए।

जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले वार्षिक समीक्षा कार्यक्रम दुई दिनसम्म सञ्चालन हुने जानकारी दिए। समीक्षा कार्यक्रममा जिल्लास्थित संघ, प्रदेश र स्थानीय तहअन्तर्गतका कार्यालय तथा निकायले आफ्नो वार्षिक प्रगति, समस्या र आगामी कार्ययोजनाबारे प्रस्तुत गर्नेछन् ।

---

**प्रधानमन्त्री ...**

उनले जेनजी आन्दोलन परिवर्तनका लागि हो या कुनै आपराधिक घटना हो ? भन्दै सरकारसँग जवाफ मागे । उनले अब पनि नेपालको राजनीतिमा झूट बोले जनताले नपत्याउने बताए । उनले जेनजी आन्दोलनबारे मानव अधिकार आयोगको प्रतिवेदनबारे सरकारको धारणा मागे ।

भ्रष्टाचार सम्बन्धी मुद्दामा पनि पक्राउ गर्दै छाड्ने क्रम बढेको भन्दै आपत्ति जनाए । उनले थपे-'आज पक्रिन्छ, भोलि छोड्दिन्छ । के गरेको यो ? कस्तो किसिमको सुशासन हो यो ? राष्ट्रिय स्वतन्त्र पार्टीको ठूलो छाती छ भन्नुहुन्थ्यो । के ठूलो छाती नभएको मान्छेले आज सरकार चलाइराखेको हो ? नत्र के कुराले रोकेको छ ?'

सरकारमा हुनेहरुले लोकप्रियताको लागि जे पनि बोल्दै हिँडेको टिप्पणी गरे । 'राजदरबार हत्याकाण्डको फाइल खोल्छु भन्नुभयो, कहाँ पुग्यो त्यो ? गिरिबन्धु टि-स्टेट के भो ? वाइडबडी काण्ड के भो ? यस्ता छन्,' उनले भने-'दुई तिहाइको नजिक हुनुहुन्छ, भ्रष्टाचारीलाई कारबाही गर्नुपर्‍यो दुई तिहाइ चाहियो भन्नुस् त, श्रम संस्कृति पार्टीले राष्ट्र निर्माणको निम्ति भ्रष्टाचारीलाई थुन्नका निम्ति सहयोग गर्न तयार छ। त्यसका लागि हामी सरकारमा हुनुपर्दैन ।'

यस्तै नेपाली कम्युनिस्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले प्रधानमन्त्री बालेन शाहले संसद्लाई अपमान गरेको भन्दै खेद प्रकट गरेका छन् । प्रतिनिधिसभाको बैठकमा विशेष समयमा बोल्दै उनले राष्ट्रसंघको ८१औं महासभामा देशको प्रतिनिधित्व गर्दै प्रधानमन्त्री बालेन शाह गएको स्मरण गरे ।

महासभामा प्रधानमन्त्री बालेनले देशको साझा राष्ट्रिय एजेण्डाहरू, हिमालमा जलवायु परिवर्तनको प्रभाव र भोटेकोसी त्रिशुली नदीमा आएको हिमालयन सुनामी र त्यसले पुराएको क्षति, जलवायु न्याय, अनुदानमा आधारित अन्तर्राष्ट्रिय सहयोगलगायतका विषयमा प्रस्तावहरू उनले राखे ।

यसप्रति नेकपाका प्रमुख सचेतक दुलालले प्रधानमन्त्री शाह र सरकारलाई धन्यवाद दिए। तर यसबारे संसद्लाई कुनै जानकारी दिएनन् । यसप्रति सांसद दुलालले संसद्मै खेद प्रकट गरेका हुन् । 'तर महासभामा जानु अघि र आए पछि संसदलाई जानकारी नगराएर प्रधानमन्त्रीले व्यवस्थापिकालाई गरेको अपमानप्रति खेद प्रकट गर्दछु ।'- उनले भने ।

सांसद दुलालका अनुसार, चाडपर्व नजिकिँदै गर्दा यतिबेला शुभकामना दिनसक्ने अवस्था छैन । भोटेकोशी बाढी र अन्य बाढी पहिरोका कारण सयौं नेपालीले ज्यान गुमाएका छन् र हजारौं नागरिक अझै बेपत्ताको सूचीमा छन् । जसलाई व्यवहारिक रुपमा मृत्यु स्वीकार गरिसकिएको छ। 'तर ती बेपत्ता नागरिकलाइ मृतक सरह कानुनी हैसियत प्रदान गर्न किन हिचकिचाहट र ढिलाइ ?'- सरकारलाई उनको प्रश्न छ

नेकपा (एमाले) की सांसद रामकुमारी झाँक्रीले पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको गिरफ्तारीले सरकार फाँसीवादतर्फ उन्मुख भएको बताएकी छन् । राष्ट्रियसभाको बिहीबारको बैठकमा बोल्दै उनले यस्तो आरोप लगाएकी हुन् । सरकारले पूर्वप्रधानन्यायधीश पक्राउ गर्नुको कारण र जवाफ दिन नसकेर सरकारलाई लाज छोप्न समेत गाह्रो भइरहेको टिप्पणी गरिन् । उनले भनिन् -'फाँसीज्म वा तानाशाही व्यवस्था कसरी आउँछ भनेर दुनियामा धेरै किताबहरू लेखिएको रहेछ । हामी अहिले यस्तै अभ्यास गर्न अभिसप्त हो कि जस्तो पनि देखिन्छ। अस्ति मात्रै पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबरा गिरफ्तारीमा पर्नुभयो । सरकारसँग जवाफ छैन, उसलाई लाज छोप्न पनि गाह्रो भइरहेको छ। के कारणले गिरफ्तार गरिएको हो। न कुनै आधार, प्रमाण, कारण केही पनि छैन ।'

सांसद झाँक्रीले कार्यकारी प्रमुखमा हुने शक्तिको दुरुपयोग गरी न्यायपालिकार र व्यवस्थापिकामाथि अप्रत्यक्ष प्रहार भइरहेकोप्रति आपत्ति जनाइन् । जबरा पक्राउ प्रकरणमा सरकारलाई कठघरामा उभ्याएर जवाफ माग्नुपर्ने उनको भनाइ छ। उनले थपिन्-'देशको कार्यकारी प्रमुखमा असिमित पावर छ भन्ने बुझेर न्यायालय र व्यवस्थापिका दुईटै अंगमाथि अप्रत्यक्ष प्रहारको तरिका हो कि ? सम्माननीय अध्यक्षमार्फत प्रधानमन्त्री र गृहमन्त्रीलाई कठघरामा उभ्याएर प्रश्न सोध्नुपर्छ ।'

राष्ट्रियसभाको बिहीबारको बैठकमा बोल्दै नेपाली कांग्रेसका सांसद चन्द्रबहादुर केसीले प्रधानमन्त्री वालेन्द्र शाहले नेपाल-भारत सीमासम्बन्धी दिएको विवादस्पद अभिव्यक्तिबारे संसदको यही अधिवेशनमा जवाफ दिनुपर्ने बताएका छन् । सांसद केसीले शुक्रबारदेखि संसदको २१ औँ अधिवेशन बन्द हुन गइरहेको भन्दै प्रष्टिकरण दिनुपर्ने नभए संसदको रेकर्डबाट हटाउनुपर्ने माग गरे ।

उनले भने-'संसदको अधिवेशन बन्द हुँदैछ। प्रधानमन्त्रीज्यूले संसदमा सीमासम्बन्धी दिनुभएको विवादस्पद अभिव्यक्तिको अहिलेसम्म जवाफ दिनुभएको छैन । या त उहाँले जवाफ दिनुपर्छ । नभए उहाँको यो अभिव्यक्ति संसदको रेकर्डबाट हटाइयोस् ।'

सांसद केसीले कालीगण्डकी नदी करिडोरअन्तर्गतका पुलपुलेसा तथा सडकको मर्मत, सम्भार र पुनः निर्माणको काम तत्काल अघि बढाउनसमेत सरकारसँग माग गरे ।

उनले कञ्चनपुरको दोधारा चाँदनीस्थित झोलुंगे पुल तत्काल मर्मत गर्न समेत सरकारको ध्यानाकर्षण गराए ।

---

# Satyawati Rural Municipality
## Office of Rural Municipal Executive
Johang, Gulmi

## Invitation for Bid

First date of publication: 16-06-2083 (2nd October 2026)

1. Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi invites Hard Copy for the construction of Following Works and Revenue from eligible bidders under Sealed Quotation Bidding procedure.

| S.N | Contract No. | Description | Estimated amount (Including VAT & PS). | Bid Security (Nrs.) | Bid Document Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | SRM/ROAD/W/SQ/01-2083-084 | Construction of Manakamana Tekkhola Road and Bharkachidi Tallo Bohar Krishi Road At Satyawati 3 | 19,47,897.23 | 50,000.00 | 1,000.00 |
| 2 | SRM/ROAD/W/SQ/02-2083-084 | Construction of Bhanjyang Gaskot Road At Satyawati 3 | 9,73,883.98 | 25,000.00 | 1,000.00 |
| 3 | SRM/ROAD/W/SQ/03-2083-084 | Construction and Upgradation of the Road connecting Police Beat to Ruru Area | 9,74,218.01 | 25,000.00 | 1,000.00 |
| 4 | SRM/Building/W/SQ/04-2083-084 | Coffee Extension and Truss Building Construction at ward 6 and 3 | 9,73,941.60 | 25,000.00 | 1,000.00 |

Deadline for Sealed Quotation Purchase: 22-06-2083 (8th October 2026) during office hours
Deadline for Sealed Quotation Submission: 12:00 Hrs, 23-06-2083 (9th October 2026)
Deadline for Sealed Quotation Opening: 01:00 Hrs, 23-06-2083 (9th October 2026)

| Information to deposit the cost of bidding document in Bank | Information to deposit the cost of Bid Security in Bank |
|---|---|
| Name of the Bank: Kumari Bank limited<br>Name of Office: Satyawati Rural Municipality<br>Account Name: Ga.1.1 ANTARIK RAJASWA KHATA<br>Account No.: 2690247957400010<br>Office Code no. :801055212<br>Rajaswa (revenue) Shirshak no.: 14229 | Name of the Bank: Kumari Bank limited<br>Name of Office: Satyawati Rural Municipality<br>Account Name: GA 3 DHARAUTI K SATYAWATI<br>Account No.: 2690247957400003 |

Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Satyawati Rural Municipality, Office of Rural Municipal Executive, Johang, Gulmi.**

---

# Panini Rural Municipality
## Office of the Rural Municipal Executive
Durgaphant, Arghakhachi

## Invitation for Sealed Quatation

First Date of Publication: 2083/06/16 (2nd October 2026)

1. Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi invites Sealed Quotation, only Hard Copy from eligible bidders for following works.
2. Interested and eligible bidders on the submission of a written application, copy of the company/ firm registration certificate and payment receipt of the non-refundable bid document fee of amount NRs. 1000.00 to this office, and there after purchase the bidding documents and submit sealed hard copy bids within the mentioned timeframe

Name and identification of contracts are mentioned below though the details are in the bidding document.

| S.N. | Contract ID. | Project Description | Estimated Amount (Excluding VAT & Contingency) | Bid Security |
|---|---|---|---|---|
| 1 | PRM/SQ/Works/01/2083-84 | Panini 1 Ko Mo.Ba Marmat | 7,70,766.41/- | 23000 |
| 2 | PRM/SQ/Works/02/2083-84 | Panini 2 Sabik 1 dekhi 9 Bivinna Motor Bato marmat | 6,00,119.76/- | 18000 |
| 3 | PRM/SQ/Works/03/2083-84 | Panini 3 Ka Bivinna Motor Bato marmat | 7,21,871.05 /- | 21000 |
| 4 | PRM/SQ/Works/04/2083-84 | Panini 4 Ka Bivinna Motor Bato marmat | 5,09,751.98/- | 15000 |
| 5 | PRM/SQ/Works/05/2083-84 | Panini 5 ka Sabik 1 dekhi 6 sabai mo.ba marmat | 5,14,917.03/- | 15000 |
| 6 | PRM/SQ/Works/06/2083-84 | Panini 6 Dhatiwang Ka Sabai Motor Bato marmat | 3,85,874.60/- | 11500 |
| 7 | PRM/SQ/Works/07/2083-84 | Panini 7 Ka Bivinna Motor Bato marmat | 5,57,941.36/- | 16500 |
| 8 | PRM/SQ/Works/08/2083-84 | Panini 8 Ka Bivinna Motor Bato marmat | 4,07,393.52/- | 12000 |
| 9 | PRM/SQ/Works/09/2083-84 | Panini 5 ka Sabik 7 dekhi 9 samma mo.ba marmat & Khursane Mo.Ba | 6,00,088.10/- | 17500 |

Last date of Bid Submission : 2083/06/23 (2026/10/09) 12:00 Noon.
(Bid Validity/Bid Security Validity For All Contract ID:- 45/75 days)

Bid Opening : 2083/06/23 (9th October 2026) 1:00 PM .

| Bank Name | Name of Office | For Purchasing Bid Document | Cash Deposit for Bid Security |
|---|---|---|---|
| Global IME Bank Ltd. Pokharathok, Arghakhachi | Panini Rural Municipality Office, Durgaphant, Arghakhachi | Ga.1.1 Aantarik Rajashwo Khata Panini 21504010000016 | Ga.3.1 Dharauti Khata Panini 21504010000009 |

3. Tender Procedures shall follow public procurement act 2063, public procurement regulation 2064 and Standard Bidding Documents along with recent amendments.
4. Interested eligible bidders may obtain further information from Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi Contact No.: 9857086520, Email Address: ito.paninimun@gmail.com
5. Bid must be submitted to the Office, Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi by hand.
6. Bid must be submitted to Panini Rural Municipality Office, Durgaphant, Arghakhanchi on or before respective time and date mentioned above. Bids received after this deadline will be rejected.
7. Bidders are required to submit mandatory Hard Copy documents and Letter of Bid in one Sealed Envelope as per the provision of ITB 14 of the Bidding Document.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. For Every Single Contract ID One Backhoe Loader must required and to bidding more than one contract bidder should be have separate Backhoe Loader.

---


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# स्थानीय कर र नक्सापासका समस्या समाधान गर्न आग्रह



परासी। नवलपरासी उद्योग वाणिज्य संघले रामग्राम नगरपालिकामा स्थानीय कर तथा नक्सापाससम्बन्धी देखिएका समस्या समाधान गर्न नगरपालिकाको ध्यानाकर्षण गराएको छ।

संघका अध्यक्ष नगेन्द्र अग्रहरिले रामग्राम नगरपालिकाका नगरप्रमुखलाई पत्र पठाउँदै उद्योगी-व्यवसायीलाई सहज वातावरण सिर्जना गर्न स्थानीय कर प्रणाली तथा नक्सापास प्रक्रियामा आवश्यक सुधार गर्न आग्रह गरेका हुन्।

संघले पश्चिम क्षेत्रकै महत्वपूर्ण व्यापारिक तथा औद्योगिक केन्द्रका रूपमा रहेको नवलपरासीमा साना, मझौला तथा ठूला उद्योग सञ्चालनमा रहेको उल्लेख गर्दै उद्योग तथा व्यवसायको विकास र विस्तारका लागि सरल, स्पष्ट, पूर्वानुमानयोग्य र लगानीमैत्री वातावरण आवश्यक रहेको जनाएको छ।

स्थानीय सरकारको राजस्व सुदृढीकरण र विकास निर्माणका लागि करको महत्वपूर्ण भूमिका रहे पनि कर प्रणाली व्यवसायीलाई निरुत्साहित गर्ने नभई नयाँ लगानी र रोजगारी सिर्जनालाई प्रोत्साहन गर्ने किसिमको हुनुपर्ने संघको भनाइ छ। सरल कर प्रशासन, उचित कर दर, स्पष्ट कानुनी व्यवस्था तथा प्रभावकारी सेवा प्रवाहमार्फत करदाता र स्थानीय सरकारबीच विश्वासको वातावरण निर्माण गर्नुपर्नेमा संघले जोड दिएको छ।

संघका अनुसार संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको शासन प्रणालीअनुसार कर तथा शुल्कसम्बन्धी अधिकार कार्यान्वयन हुँदा एउटै प्रकृतिको सेवा तथा कारोबारमा दोहोरो/तेहोरो दायित्व सिर्जना हुने अवस्था देखिएको छ। विभिन्न तहबाट लाग्ने कर, शुल्क तथा अन्य आर्थिक दायित्वका कारण व्यवसाय सञ्चालनमा थप भार परेको संघले जनाएको छ।

विशेषगरी पुराना फर्म तथा व्यवसायको दर्ता वा नवीकरण गर्दा विगत अवधिसमेत गणना गरी कर असुल गर्ने अभ्यास पुनरावलोकन गर्न संघले माग गरेको छ।

त्यस्तै, स्थानीय सरकार, निजी क्षेत्र तथा व्यवसायीबिच नियमित संवाद र समन्वय कायम गरी कर तथा शुल्क निर्धारण गर्दा उद्योग-व्यवसायको अवस्था, लगानी, रोजगारी सिर्जना र आर्थिक योगदानलाई समेत ध्यान दिनुपर्ने संघको सुझाव छ।

**नक्सापास प्रक्रिया सरल बनाउन माग**

संघले रामग्राम नगरपालिकामा नक्सा अभिलेखीकरण तथा नक्सापाससम्बन्धी प्रक्रियालाई पनि सरल र सहज बनाउन माग गरेको छ। पुराना घर, भवन तथा अन्य संरचनाको नक्सा अभिलेखीकरण तथा नियमितीकरण प्रक्रिया झन्झटिलो, ढिलाइ हुने तथा वडा प्रतिनिधिबाट समेत थप जटिलता सिर्जना हुने गरेको संघको भनाइ छ।

लामो समयदेखि कायम रहेका संरचनालाई आवश्यक मापदण्ड पूरा गरी सहज रूपमा अभिलेखीकरण तथा नियमितीकरण गर्न सकिने व्यवस्था मिलाउन संघले आग्रह गरेको छ।

संघले स्थानीय कर तथा नक्सापाससम्बन्धी विषयमा आवश्यक अध्ययन, छलफल तथा पुनरावलोकन गरी उद्योगी-व्यवसायीलाई सहज वातावरण प्रदान गर्न नगरपालिकासँग माग गरेको हो। अध्यक्ष अग्रहरिले उद्योग-व्यवसायमैत्री कर प्रणाली विकास भएमा लगानी, रोजगारी र स्थानीय आर्थिक गतिविधि विस्तारमा सकारात्मक योगदान पुग्ने बताएका छन्। धनपत यादवले नगरप्रख ध्यानाकर्षण पत्र बुझ्दै कर छुट गर्न नगरसभाबाट केही हदसम्म उद्योगीहरूलाई राह दिने बताए। उनले नगरपालिकाले पुस मसन्तसम्म १० प्रतिशत छुट दिने कार्य काम गरेको जनाए। नगरपालिकाले वातावरण मैत्री बनाउने उद्योग क्षेत्र कृषि क्षेत्रमा निर्धारण गर्नतर्फ लागिरहेको उनले जानकारी दिए।

# विपद्बारे अध्ययन गर्न राष्ट्रिय सभामा पनि संसदीय विशेष समिति



बुटवल। प्राकृतिक विपद्बारे अध्ययन गर्न राष्ट्रिय सभाले पनि संसदीय विशेष समिति बनाएको छ। बिहीबार बसेको सभाले भोटेकोसी तथा कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन गरेको हो।

गत भदौ १० गते रसुवाको भोटेकोसी नदीमा आएको विनाशकारी बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत गोरखा, चितवन, नवलपरासी पूर्व र पश्चिम जिल्लामा ठूलो जनधनको क्षति भएको छ। राष्ट्रिय सभाको भदौ १६ गतेको बैठकबाट यसै विषयमा जोखिम न्यूनीकरण एवं विपद् व्यवस्थापन सम्बन्धी विशेष प्रस्ताव पनि पारित भइसकेको छ।

जोखिम न्यूनीकरणको तयारी, जनधनको क्षति, बेपत्ता तथा प्रभावितको खोजी, उद्धार, राहत तथा क्षतिपूर्ति, घाइतेहरूको उपचार, शव व्यवस्थापन, पुनर्स्थापना लगायतको समीक्षा गर्नेगरी संयन्त्र बनाइएको हो। जलवायु परिवर्तनको प्रभाव विश्लेषण गर्दै विपद् प्रभावितलाई पुनर्स्थापना एवं भौतिक संरचनाको पुनर्निर्माण, जोखिम न्यूनीकरण र जलवायु न्यायको लागि मार्गचित्र सिफारिस गर्नका लागि भनेर राष्ट्रिय सभा अध्यक्ष नारायणप्रसाद दाहालले संसदीय विशेष समिति गठनको प्रस्ताव राखेका हुन्। जसलाई सभाले स्वीकार गरेको हो। विपद् सम्बन्धमा सबै पक्षको अध्ययन गरी राष्ट्रिय सभामा प्रतिवेदन पेश गर्ने गरी 'भोटेकोसी तथा कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति' गठन गरिएको हो।

समितिमा सांसदहरू कृष्णप्रसाद पौडेल, गीता देवकोटा, घनश्याम रिजाल, श्रीकृष्णप्रसाद अधिकारी, सम्झना देवकोटा, सोमनाथ पोर्तेल, पुजा चौधरी र तुलप्रसाद विश्वकर्मा सदस्य रहेका छन्। दिगो मार्गचित्रका लागि समितिले छिमेकी देशहरूसँग विपद् जोखिम न्यूनीकरण, उद्धार, राहत तथा पुनर्स्थापनामा सहकार्य गर्दै विपद् आउनुअघि नै जोखिमको सूचना उपलब्ध गराउने भरपर्दो, वैज्ञानिक र आधुनिक पूर्वसूचना प्रणालीबारे अध्ययन गर्नेछ।

प्रविधिको विकास र प्रभावकारी कार्यान्वयनका लागि आवश्यक संयन्त्र निर्माणको लागि सुझाव दिने, विषयगत विज्ञहरूसँग अन्तरक्रिया गरी विपद्को कारण, जोखिम तथा दीर्घकालीन प्रभावको वैज्ञानिक विश्लेषण गर्दै जोखिम न्यूनीकरणका उपाय पहिचान गर्नेछ। विपद्बाट प्रभावित छिमेकी राष्ट्रहरूसँग अनुभव, प्रविधि, सूचना तथा स्रोतसाधन आदान प्रदानका लागि सहकार्यको उपयुक्त मोडालिटी विकास गर्नेबारे अध्ययन गर्ने अधिकार दिइएको छ। जलवायु परिवर्तनमा नगण्य योगदान गरेका, तर त्यसबाट बढी प्रभावित राष्ट्रले जलवायु परिवर्तनमा नकारात्मक योगदान गर्ने राष्ट्रहरूबाट हानीको क्षतिपूर्ति प्राप्त गर्ने अन्तर्राष्ट्रिय व्यवस्था र सम्भावित कानुनी आधारबारे अध्ययन गर्नेछ। तत्काल उद्धार तथा पुनर्स्थापनासँगै नयाँ बस्ती बसाउँदा भविष्यमा कम क्षति हुने स्थानको भूगर्भीय, भौगोलिक तथा जलवायुजन्य जोखिमका आधारमा वैज्ञानिक तथ्यसहित पहिचान गर्नेछ। प्रस्तावित समितिको कार्यावधि २०८३ पुस मसान्तसम्म रहने छ।

यसै संसदीय विशेष समिति यसअघि नै प्रतिनिधिसभाले गठन गरिसकेको छ। प्रतिनिधिसभाले संसदीय विशेष समिति गठन गरेर अगाडि बढेसँगै राष्ट्रिय सभाले पनि संसदीय विशेष समिति बनाएको हो।

# दूधको ट्याङ्कर दुर्घटनामा सह-चालकको मृत्यु




कपिलवस्तु। कपिलवस्तुको बुद्धभूमि नगरपालिका-२ गोरुसिङ्गेमा दूध बोक्ने ट्याङ्कर रुखमा ठोक्किएर दुर्घटना हुँदा सह-चालकको मृत्यु भएको छ। पत्थरकोटबाट गोरुसिङ्गेतर्फ आउँदै गरेको लु प्र ०१-००१ क ०८४५ नम्बरको दूध बोक्ने ट्याङ्कर बुधवार राति पत्थरकोट-गोरुसिङ्गे सडक खण्डमा अनियन्त्रित भई रुखमा ठोक्किएको जिल्ला ट्राफिक प्रहरी कार्यालय कपिलवस्तुका प्रहरी निरीक्षक राजन ढकालले बताए।

दुर्घटनामा ट्याङ्करका सहचालक अर्घाखाँचीको सन्धिखर्क नगरपालिका-५, बाँग्लाका २६ वर्षीय आशिष अधिकारीको बुटवलस्थित चौराहा अस्पतालमा उपचारका क्रममा राति १२:५५ बजे चिकित्सकले मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

ट्याङ्कर कपिलवस्तुको बुद्धभूमि नगरपालिका-९ बरकलपुरका ३८ वर्षीय महेशप्रसाद चौधरीले चलाएका थिए। दुर्घटनापछि चालक चौधरी र ट्याङ्करलाई इलाका प्रहरी कार्यालय गोरुसिङ्गेको नियन्त्रणमा राखिएको छ। दुर्घटनाको कारणबारे प्रहरीले थप अनुसन्धान गरिरहेको जनाएको छ।

## हार्दिक आभार एवं धन्यवाद



नेपाली कांग्रेसको १५औं केन्द्रीय महाधिवेशनअन्तर्गत अर्घाखाँचीमा सम्पन्न निर्वाचनमा मलाई सर्वाधिक मतका साथ विजयी गराउनुहुने सम्पूर्ण आदरणीय क्षेत्रीय प्रतिनिधिज्यूहरू, वडा सभापतिज्यूहरू,पालिका सभापति पदाधिकारी सदस्य ज्युहरु प्रदेश सभा (क) र (ख) का सभापति पदाधिकारी सदस्य ज्युहरु अग्रज नेतागण, शुभेच्छुक तथा समर्थक साथीहरू र सम्पूर्ण कांग्रेसजनप्रति हृदयदेखि नै हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु। यस निर्वाचनमा यहाँहरूले म प्रति देखाउनुभएको अमूल्य विश्वास, साथ, सहयोग, सद्भाव, माया र मत मेरो व्यक्तिगत विजय मात्र नभई म माथि थपिएको महत्वपूर्ण जिम्मेवारीका रूपमा ग्रहण गरेको छु। निर्वाचन लोकतान्त्रिक अभ्यासको एउटा महत्वपूर्ण प्रक्रिया हो। यस क्रममा प्राप्त प्रत्येक मतले मलाई अझ जिम्मेवार, प्रतिबद्ध र जनमुखी भएर अघि बढ्ने प्रेरणा दिएको छ।

**टोपेन्द्र बराली**
**महाधिवेशन प्रतिनिधि**
**नेपाली काँग्रेस, अर्घाखाँची**







# Malarani Rural Municipality
## Khanadaha, Arghakhanchi
Lumbini Province, Nepal

# Invitation for Bids

Date of publication: 2-October, 2026 (2083/0616)

1. Malarani Rural Municipality, Khanadaha, Arghakhanchi invites electronic Bids from eligible bidders for the procurement of worksas specified below.
2. Bidding Document is available online and can be downloaded from Malarani rural Municipality website:www.malaranimun.gov.np.Thebidders have to download the necessary part of Quotation documents/bid documents, prepare their Quotation/Bid and submit hardcopyQuotations/Bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and upload the electronic scanned copy (pdf format) or hardcopy of voucher.

**Information to deposit the cost of Quotation Document in Bank:**
**Name of the Office:** Malarani Rural Municipality, KhanadahaArghakhanchi
**Office Code No.:** 801055106
**Name of Bank:** Nepal Investment Mega Bank Ltd. (KhanadahaBranch)
**Office Account no:** 29201400000123 (GA 1.1 MALARANI GA.PA. AANTARIK RAJASHO KHATA)
**Revenue Heading No.:** 14219

3. The Bids will be opened in the presence of bidders' representatives who choose to attend at respective date and time at the office of Malarani Rural Municipality, KhanadahaArghakhanchi.
4. Bids must be valid for a period ofrespective days counting from the day of opening and must be accompanied by bid security amounting as stated below, deposited at (GA 3.1 **MALARANI GA.PA. DHARAUTI KHATA)**, A/CNo.: **29201400000109)** on behalf of Malarani Rural Municipality, KhanadahaArghakhanchi or bid bond authorized from a recognized commercial bank of Nepal, which shall be valid for minimum 30 days beyond the bid validity period.
5. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
6. Incase of confusion, contact on 9857066432(office chief),9849791647(Engineer) within office hours.The name, identification number and other details of the contracts are as follows:

| S.N. | Contract Name | Identification No. | Bid Document Fee (NPR) | Bid security Amount (NPR) | Bid Validity Period (Days) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1. | Procurement and construction Tinsalle Bhagwati mandir Fencing along with wall construction works MRM-ward no.2 | MRM/W/SQ/ 2083/084/01 | 1000 | 18462 | 45 | 8/10/2026 12:00 pm (2083/06/22) | 8/10/2026 1:00 pm (2083/06/22) |
| 2. | Procurement and construction Dhungra lamapokhara Kunakharka sakhidhara MRM-ward no.3 | MRM/W/SQ/ 2083/084/02 | 1000 | 32606 | 45 | 8/10/2026 12:00 pm (2083/06/22) | 8/10/2026 1:00 pm (2083/06/22) |
| 3 | Procurement and upgradation of Aiteka Neta motorable road , MRM,ward no.4 | MRM/W/SQ/ 2083/084/03 | 1000 | 18462 | 45 | 8/10/2026 12:00 pm (2083/06/22 | 8/10/2026 1:00 pm (2083/06/22 |

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com